(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८२ साल कार्तिक १ गते देखी २०८२ साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


बागलुङ नगरपालिका

बागलुङ नगरपालिकाको कार्यालय, बागलुङ

☎ ०६८-५२०१३१/५२०२३१/५२०३०९

इमेल: baglungmun@gmail.com


मितिः २०८२ साल माघ २ गते

अधिकृत स्तर दशौं

# विषयसूची

**क्र.सं. विवरण** **पेज नं.**


कभर पेज....i
विषयसूची....ii
तालिकाहरुको सूची....iii
चित्रहरुको सूची....iv
संक्षिप्त शब्दावली....v
१. कार्यालयको स्वरुप र प्रकृति....१
२. कार्यालयको काम, कर्तव्य र अधिकार....२
३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण....४
४. कार्यालयबाट प्रदान गरिने सेवाहरु....६
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,....७
६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधीः....९
७. निर्णय गर्ने प्रक्रिया र अधिकारः....९
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी....९
९. सम्पादन गरेको कामको विवरणः....९
१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः....२२
११. ऐन नियम, विनियम वा निर्देशिकाको सूची....२२
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण....२५
१३. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण २५
१४. कार्यालयको वेभसाईट....२६
१५. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण....२६
१६. कार्यालयमा परेको सूचना माग सम्बन्धी विवरण....२६
१७. कार्यालयले गरेका सूचना सम्बन्धी थप कार्यहरु....२६
१८. कार्यालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन....२६
१९. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरण....२६
२०. अन्य विवरणः....२६
सन्दर्भ सामग्रीः....२७




अधिकृत स्तर दर्शौं

# तालिकाहरुको सूची

**तालिका नं.** **शिर्षक** **पेज नं.**

तालिका नं. १. बागलुङ नगरपालिकाको शाखागत विवरण........................................................५
तालिका नं. २. बागलुङ नगरपालिकाको कर्मचारी विवरण ......................................................५
तालिका नं. ३. बागलुङ नगरपालिकाको पद अनुसारको कर्मचारी विवरण ........................................५
तालिका नं. ४. बागलुङ नगरपालिकाको पद अनुसारको कर्मचारी विवरण ........................................७
तालिका नं. ५ राजस्व संकलन सम्बन्धी विवरण........................................................................९
तालिका नं. ६ शिक्षा सम्बन्धी कार्यको विवरण ......................................................................१०
तालिका नं. ७ योजना सम्बन्धी कार्यको विवरण .....................................................................१२
तालिका नं. ८ ठेक्का मार्फत भएका कार्यको विवरण................................................................ १३
तालिका नं. ९ पशु सेवा सम्बन्धी कार्यको विवरण...................................................................१५
तालिका नं. १० घटना दर्ता सम्बन्धी कार्यको विवरण.............................................................. १६
तालिका नं. ११ सामाजिक सुरक्षा भत्ता सम्बन्धी कार्यको विवरण ............................................... १६
तालिका नं. १२ सहकारी सम्बन्धी विवरण..............................................................................१७
तालिका नं. १३ महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी कार्यको विवरण..............................१८
तालिका नं. १४ दर्ता हुन आएको बिषयको आधारमा मुद्दाको विवरण ............................................२०
तालिका नं. १५ कृषि सम्बन्धी कार्यको विवरण.......................................................................२०
तालिका नं. १६ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ............................. २५



अधिकृत स्तर दर्शौं

# चित्रहरुको सूची

| चित्र नं. | शिर्षक | पेज नं. |
|---|---|---|

चित्र नं. १. बागलुङ नगरपालिकाको संगठन संरचना ........................................ ४



अधिकृत स्तर दशौं

# संक्षिप्त शब्दावली

आ.ले.प : आन्तरिक लेखा परिक्षक
आ.व. : आर्थिक बर्ष
कि.मि. : किलोमिटर
गा.वि.स. : गाँउ विकास समिति
बा.न.पा. : बागलुङ नगरपालिका
मि. : मिटर



अधिकृत स्तर दशौं

## १. कार्यालयको स्वरुप र प्रकृति

बागलुङ जिल्लाको पूर्वि क्षेत्रबाट वग्ने पवित्र कालीगण्डकी नदीको तटवर्ति ईलाकामा रहेका तत्कालिन कालिका, मुलपानी र लहरेपिपल गा.वि.स. लाई समायोजन गरी २०५३ साल माघ १८ गते तत्कालिन नेपाल सरकारबाट बागलुङ नगरपालिकाको घोषणा भै २०५४ सालमा सम्पन्न स्थानीय निकायको निर्वाचनबाट यसको गठन भएको हो । स्थापना कालमा १९.२३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको र ११ वटा वडामा विभाजन भएको यस नगरपालिका राज्यको पुनर्संरचना पश्चात नेपाल सरकारको २०७३/११/२७ को निर्णय अनुसार छिमेकमा रहेका मालिका, तित्याङ, भकुण्डे, रायडाँडा, अमलाचौर, पैंयुपाटा, नारायणस्थान गाविसको पुरै भाग र सिगाना गाविसको वडा नं. ६ बाहेकको भाग तथा पाला गाविसको वडा नं. ६, ७, ८ र ९ समावेश गरी १४ वटा वडा सहितको हालको नगरपालिका घोषणा गरिएको हो ।

यस नगरपालिकाका वडा नं. १, २, ३ र ४ मुख्य बजार क्षेत्रमा रहेका छन् भने बागलुङ नगरपालिकाको एकमात्र हवाई मैदानसंगसंगै रहेको वडा नं. १४ (साविकको नारायणस्थान गाविस) शहरी विकासका लागि पर्याप्त सम्भावना बोकेको क्षेत्र हो । बागलुङ नगर गण्डकी प्रदेशको दोस्रो ठूलो शहरी क्षेत्रको रुपमा रहेको छ । यो नगर भौगोलिक दृष्टिकोणले झण्डै झण्डै मध्य नेपालमा पर्ने पहाडी जिल्ला बागलुङको पूर्वी इलाकामा अवस्थित छ । कालीगण्डकीको तटवर्ती इलाकामा धौलागिरी हिमालको छविछाँयामा २८ डिग्री १६ मिनेट देखि २८ डिग्री २७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ३५ मिनेट देखि ८३ डिग्री ५८ मिनेट पूर्वी देशान्तरमा ९८ दशमलव ०१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । २०७८ को जनगणना अनुसार यस नगरपालिकामा १२९२४ घर संख्या, १५९२४ परिवार संख्या रहेका छन भने पूरुष २६०८० र महिला ३००२२ गरी जम्मा ५६१०२ जनसंख्या रहेको तथ्याङ्कमा देखिएको छ ।

धार्मिक पर्यटकीय क्षेत्रको रुपमा परिचित यस नगरको वडा नं. १ मा अवस्थित प्रसिद्ध कालिका भगवती मन्दिर, वडा नं. ४ मा रहेको सालिकग्राम संग्रालय, वडा नं. ६ मा अवस्थित पञ्चकोट, वडा नं. ७ मा रहेको संसारकोट, वडा नं. १२ मा रहेको भैरवस्थान लगाएतका मठ मन्दिर लाखौ श्रद्धाजु भक्तजनहरुको आस्थाको केन्द्र रहदै आएका छन । यसैगरी बागलुङ नगरपालिका वडा नं. १ र कुश्मा नगरपालिका वडा नं. १ जोडने एसियाको सवैभन्दा लामो झोलुङ्गे पुल (लम्वाई ५६७ मि.), बागलुङ नगरपालिका वडा नं. १४ र कुश्मा नगरपालिका जोडने पन्जी पुल, वन्जी जम्प, स्काई साईक्लिनिङ, वराह ताल, कोटघरहरु यस क्षेत्रका मुख्य पर्यटकीय गन्तव्य रहेका छन ।

बागलुङ नगरपालिका नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ तथा नेपाल सरकारको प्रचलित ऐन कानून अनुसार सिंहदरबारको अधिकार घरघरमा पुगेर राज्यको तर्फबाट जनतालाई छिटो छरिटो र चुस्त सेवा प्रवाह गर्ने उद्धेश्यका साथ स्थापना भएको स्थानीय सरकार हो। यसले आफ्नो क्षेत्राधिकार भित्र रहेर ऐन, नियमावली, कार्यविधि आफै निर्माण गरी लागू गर्दछ र संघीयताको मर्म अनुसार जनतालाई नजिकमा सरकार भएको अनुभूति दिलाउनु यसको मुख्य उद्धेश्य रहेको छ । यसका अतिरिक्त आफ्नो नगरलाई समृद्ध बनाउनको लागि विभिन्न उद्देश्यहरु लिएर कामकाज गरिरहेको छ ।

कार्यालयले अवलम्बन गरेको मुख्य लक्ष्य "मध्य पहाडी ब्यापारिक तथा पर्यटकीय शहर, सुन्दर समृद्ध साँस्कृतिक बागलुङ नगर" को नारालाई कार्यान्वयन गर्न तत्पर रहेको छ ।

**२. कार्यालयको काम, कर्तव्य र अधिकार**

नेपालको संविधान २०७२ को एकल अधिकारको सूची ८ मा भएको अधिकार र साझा अधिकारको सूची ९ मा भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भएका निम्नानुसारका काम, कर्तव्य र अधिकारहरु बागलुङ नगरपालिकाले गर्दै आईरहेको छ ।

- ✓ नगर प्रहरी सम्बन्धी
- ✓ सहकारी संस्था सम्बन्धी
- ✓ एफ.एम.संचालन
- ✓ स्थानीय कर सेवाशुल्क तथा दस्तुर उठाउने
- ✓ स्थानिय सेवाको व्यबस्थापन
- ✓ स्थानीय तथ्याङ्क र अभिलेख संकलन गर्ने कार्य
- ✓ स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाको कार्य
- ✓ आधारभूत र माध्यमिक शिक्षा
- ✓ आधारभूत स्वास्थ्य र सरसफाई
- ✓ स्थानीय बजार व्यवस्थापन,बातावरण संरक्षण र जैविक विविधता सम्बन्धी
- ✓ स्थानीय सडक,ग्रामीण सडक,कृषि सडक र सिंचाई सम्बन्धी
- ✓ गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानिय अदालत, मेलमिलाप
- ✓ स्थानिय अभिलेख व्यबस्थापन


अधिकृत स्तर दशौं

- ✓ घर जग्गा धनी पुर्जा वितरण
- ✓ कृषि तथा पशुपालन,कृषि उत्पादन व्यवस्थापन,पशुस्वास्थ्य सम्बन्धी
- ✓ जेष्ठ नागरिक,अपाङ्ग भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- ✓ बेरोजगारको तथ्याङ्क संकलन
- ✓ कृषि प्रसारको व्यबस्थापन, संचालन र नियन्त्रण
- ✓ खानेपानी,साना जलविद्युत आयोजना,बैकल्पिक उर्जा सम्बन्धी
- ✓ विपद् व्यवस्थापन
- ✓ जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण
- ✓ भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास

अधिकृत स्तर दशौं

## ३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

चित्र नं. १. बागलुङ नगरपालिकाको संगठन संरचना




स्रोतः बागलुङ नगरपालिकाको O & M सर्भेक्षण, २०७९

अधिकृत स्तर दशौं

## शाखागत विवरण

तालिका नं. १. बागलुङ नगरपालिकाको शाखागत विवरण

| | |
|---|---|
| शाखा | ७ |
| उपशाखा | १५ |
| ईकाई | ४ |
| वडा कार्यालय | १४ |
| स्वास्थ्य संस्था | २१ |

स्रोतः प्रशासन शाखा

तालिका नं. २. बागलुङ नगरपालिकाको कर्मचारी विवरण

| **कर्मचारी विवरण** | |
|---|---|
| स्थायी कर्मचारी | ११७ |
| करार/ दैनिक ज्यालादारी कर्मचारी | १५१ |
| जम्मा | २६८ |

स्रोतः प्रशासन शाखा

## पद अनुसार कर्मचारी विवरण

तालिका नं. ३. बागलुङ नगरपालिकाको पद अनुसारको कर्मचारी विवरण

| पद | स्विकृत दरबन्दी संख्या | हाल कार्यरत | रिक्त |
|---|---|---|---|
| नवौं तह/ दशौं | २ | २ | |
| सातौं तह/ आठौं | १८ | १८ | |
| छैटौ | ४५ | ५३ | |
| पाचौं तह | ९७ | ५६ | |
| चौथो तह | ४४ | ६८ | |
| श्रेणीविहिन कार्यालय सहयोगी | ४५ | ३९ | |
| श्रेणीविहिन सरसफाईकर्मी/ सुरक्षा/ विपद ब्यवस्थापन/ सवारी | ४२ | ३२ | |

अधिकृत स्तर दशौं

| | | | |
|---|---|---|---|
| चालक | | | |
| जम्मा | २९३ | २६८ | |

स्रोतः प्रशासन शाखा

## ४.कार्यालयबाट प्रदान गरिने सेवाहरु

- ✓ बार्षिक बजेट नीति र कार्यक्रमहरुको लागत ईष्टिमेट तयार गर्ने, सम्झौता गर्ने र फरफारक गर्ने,
- ✓ संचालित योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण,अनुगमन गर्ने,
- ✓ टेण्डर प्रक्रियाबाट संचालन गरिने आयोजना तथा कार्यक्रमहरुको टेण्डर प्रक्रिया अगाडी बढाउने,
- ✓ योजना तथा कार्यक्रमहरुको मासिक/त्रैमासिक/चौमासिक/अर्धबार्षिक र बार्षिक प्रगती प्रतिवेदन तयार गर्ने,
- ✓ सामाजिक सुरक्षा भत्ता वितरण तथा लगत अद्यावधिक गर्ने,
- ✓ करका दर निर्धारण गर्ने र राजश्व संकलन गर्ने,
- ✓ नगरको दररेट निर्धारण गर्ने,
- ✓ अल्पकालिन महिला सेवा केन्द्र मार्फत हिंसामा परेका महिलाहरुलाई निशुल्क कानूनी परामर्श प्रदान गर्ने,
- ✓ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७(१) र (२) मा उल्लेख भएका न्यायिक कार्य गर्ने,
- ✓ नगर स्थित सहकारी संस्थाहरुको दर्ता गर्ने, खारेजी गर्ने,मर्जर गर्ने ,अनुगमन, नियन्त्रण, समन्वय लगायतका कार्यहरु गर्ने,
- ✓ भवन निर्माण आचारसंहिताको पालना गराई नक्शा पास,सम्पन्न प्रमाणपत्र आदि उपलव्ध गराउने र सडक मापदण्डको पालना गराउने तथा सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने,
- ✓ नगरलाई स्वस्थ र सफा राख्नको लागि फोहोरमैला व्यवस्थापनका कार्यहरु गर्ने,
- ✓ बजार अनुगमन तथा सरकारी सम्पतीको हानी नोक्सानी हुन नदिने कार्य गर्ने,
- ✓ नगरपालिकामा बालमैत्री स्थानीय शासन दिगोपनाका लागि आवश्यक कार्यहरु गर्ने,
- ✓ बागलुङ नगरपालिकामा रहेका सबै सेवासमूहका कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने, अन्तरिक सरुवा, नियमानुसार हुने बढुवा तथा कर्मचारीका वृत्ति विकासका कार्यहरु गर्ने,
- ✓ आर्थिक प्रशासन शाखाबाट विविध आर्थिक कामकाज गर्ने,

अधिकृत स्तर दशौं

- ✓ अपाङ्ग परिचयपत्र, जेष्ठ नागरिक परिचयपत्र वितरण,
- ✓ कृषी अनुदानका कार्यक्रमहरु गर्ने,
- ✓ वडा कार्यालयबाट विविध प्रकारका सेवा प्रवाह गर्ने,
- ✓ कार्यालयमा आवश्यक पर्ने सामानहरुको खरिद योजना तयार गरी खरिद आदेश स्वीकृत गराई खरिद गर्ने लगायत जिन्सी सामानहरुको विवरण अद्यावधिक गरी राख्ने लगायतका सम्पूर्ण कामहरु गर्ने,
- ✓ विपद्  सम्बन्धी कार्ययोजना बनाई विपद् संग प्रतिकार्य गर्नको लागि पूर्व तयारी गर्ने,
- ✓ कृषि र पशुसेवा सम्बन्धी कार्यहरु गर्ने,
- ✓ शिक्षा, स्वास्थ्य सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने,
- ✓ प्रचलित कानुनको अधिनमा रहि स्थानिय सरकारका बाट गर्ने कार्यहरु गर्ने ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,**

तालिका नं. ४. बागलुङ नगरपालिकाको पद अनुसारको कर्मचारी विवरण

| क्र.सं. | कर्मचारीको नाम | कर्मचारीको पद | शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | ईश्वरी प्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | | ९८५७६२०४१६ |
| २. | धन प्रसाद पोखेल | अधिकृत दशौं | शिक्षा | ९८५६०३७७३७ |
| ३. | राम प्रसाद खनाल | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य | ९८५७६२०२१७ |
| ४. | गिता सापकोटा कंडेल | आ.ले.प. अधिकृत | आ.ले.प. | ९८४७६२१७७१ |
| ५. | सोविन घर्ति | ईन्जिनियर | प्राविधिक | ९८५७६४११३३ |
| ६. | दिपेन्द्र बहादुर भण्डारी | ईन्जिनियर | बन, बातावरण तथा विपद ब्यबस्थापन | ९८५७६२००२३ |
| ७. | कासीराम शर्मा | प्रशासकीय अधिकृत | योजना | ९८५७६४८००० |
| ८. | प्रेम प्रसाद शर्मा | लेखा अधिकृत | लेखा | ९८५७६२०९८७ |
| ९. | राजु गौतम | कृषि अधिकृत | कृषि | ९८४७६७४२८१ |
| १०. | दिनेश जि.सी | बरिष्ठ जनस्वास्थ्य निरिक्षक | स्थानीय आपतकालिन | ९८५७६२००२५ |
| ११. | ईशान श्रेष्ठ | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | ९८४१८२७९३७ |
| १२. | ज्ञानेन्द्रराज पन्त | न्यायिक सहजकर्ता | न्यायिक समितिको सचिवालय | ९८५७६२०४८७ |
| १३. | सरस्वती देवी रेग्मी | अधिकृत छैटौं | राजस्व | ९८४७६३३७६१ |
| १४. | पुरुषोत्तम गौतम | अधिकृत छैटौं | सम्पत्ती ब्यबस्थापन | ९८४७६३६९२६ |
| १५. | भिमसेन पन्त | अधिकृत छैटौं | प्रशासन | ९८५७६५०४१६ |

अधिकृत स्तर दशौं

| | | | | |
|---|---|---|---|---|
| १६. | मित्रलाल सापकोटा | अधिकृत छैटौं | पशुसेवा | ९८५७६२२२३६ |
| १७. | रचना आचार्य | अधिकृत छैटौं | महिला, बालबालिका तथा जेष्ठ नागरिक | ९८४७६५३२१९ |
| १८. | गौरव शर्मा | ईन्जिनियर | घर नक्सा | ९८५७६७७६६६ |
| १९. | रामचन्द्र गौतम | रोजगार संयोजक | रोजगार | ९८४७६५६०८६ |
| २०. | राजु किसान | सहायक पाँचौ | श्रम डेक्स/अटो दर्ता | ९८४७६६९११४ |
| २१. | गौरव चापागाँई | सर्वेक्षक | भु वर्गिकरण | ९८६३४०३६०७ |
| २२. | मुना थापा मगर | एमआईएस अपरेटर | पञ्जिकरण | ९८४७६६८८२४ |
| २३. | सञ्जु शर्मा | सहायक चौथो | सहकारी | ९८४१८६६९८७ |
| २४. | मान बहादुर खड्का | सहायक चौथो | दर्ता चलानी | ९८४७६२३१९४ |
| २५. | आषिक राजभण्डारी | स्वकिय सचिव | नगर प्रमुख सचिवालय | ९८५७६२०२४५ |
| २६. | राम देवी पुर्जा | उद्यम सहजकर्ता | लघुउद्यम | ९८६७६२८३४५ |
| २७. | निर्मला कुमारी शर्मा गौतम | सहायक चौथो | बालमैत्री | ९८६०६९७५०० |
| २८. | राजेश कुमार के सी | नगर प्रहरी सहायक निरिक्षक | नगर प्रहरी | ९८५१२१७२६० |
| २९. | सुनिता पुन | वडा सचिव | १ नं. वडा कार्यालय | ९८४७७४२९५५ |
| ३०. | हिमाल प्रसाद पौडेल | वडा सचिव | २ नं. वडा कार्यालय | ९८५७६२११६९ |
| ३१. | सर्मिला के.सी | वडा सचिव | ३ नं. वडा कार्यालय | ९८४७६२२४८९ |
| ३२. | नेत्र प्रसाद सापकोटा | वडा सचिव | ४ नं. वडा कार्यालय | ९८४७६३४३३८ |
| ३३. | लक्ष्मी प्रसाद शर्मा | वडा सचिव | ५ नं. वडा कार्यालय | ९८५७६३९९६० |
| ३४. | विरेन्द्रराज शर्मा | वडा सचिव | ६ नं. वडा कार्यालय | ९८४७६२७४९२ |
| ३५. | हिरा बहादुर क्षेत्री | वडा सचिव | ७ नं. वडा कार्यालय | ९८४७६३१२९३ |
| ३६. | हरि प्रसाद सिलवाल | वडा सचिव | ८ नं. वडा कार्यालय | ९८५७६२४९५१ |
| ३७. | बल बहादुर खड्का | वडा सचिव | ९ नं. वडा कार्यालय | ९८५७६३२७९४ |
| ३८. | चमेली थापा | वडा सचिव | १० नं. वडा कार्यालय | ९८६७६८४३७९ |
| ३९. | ऋषिराम गोतामे | वडा सचिव | ११ नं. वडा कार्यालय | ९८५७६२२२५८ |
| ४०. | कल्पना आचार्य शर्मा | वडा सचिव | १२ नं. वडा कार्यालय | ९८५७६४३९०४ |
| ४१. | कृष्ण प्रसाद सुवेदी | वडा सचिव | १३ नं. वडा कार्यालय | ९८४७६६९७०६ |
| ४२. | विष्णु रिजाल | वडा सचिव | १४ नं. वडा कार्यालय | ९८४७७८६८३५ |

स्रोतः प्रशासन शाखा

अधिकृत स्तर दशौं

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधीः**

सूचनाको हक सम्बन्धी सूचना माग गर्दा प्रचलित ऐन नियममा ब्यबस्था भए बमोजिम शुल्क लाग्ने र कार्यालयबाट प्रवाह गरिने अन्य सेवा नगरपालिकाको आर्थिक ऐन बमोजिम हुने ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारः**

**प्रक्रियाः** आवश्यकता अनुसार नगर सभा, कार्यपालिका बैठक, कर्मचारी बैठक, नगर प्रमुखको राय, नगर उप-प्रमुखको राय, प्रमुख प्रशासकीय अधिकृतको राय, सम्बन्धित शाखा प्रमुखको राय र टिप्पणी विधीको प्रक्रिया अपनाईने ।

**अधिकारः** प्रमुख प्रशासकीय अधिकृत

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

नामः ईश्वरी प्रसाद शर्मा

पदः प्रमुख प्रशासकीय अधिकृत

**९. सम्पादन गरेको कामको विवरणः**

**क) राजस्व संकलन सम्बन्धीः**

तालिका नं. ५ राजस्व संकलन सम्बन्धी विवरण

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १. | सम्पती कर | २१,११,९०५ | |
| २. | भुमिकर/ मालपोत | २६,९१० | |
| ३. | बहाल कर | ४७,७१,८२८ | |
| ४. | नक्सापास | १९,५३,६३८ | |
| ५. | ब्यक्तिगत घटना दर्ता | २,८४,६८५ | |
| ६. | नाता प्रमाणित | ८४,७०० | |
| ७. | सिफारिस | ११,९७,८८० | |
| ८. | प्रशासनिक दण्ड,जरिवाना र जफत | ३,४३,०७१ | |
| ९. | ब्यबसाय कर | २५,११,४८० | |
| १०. | विज्ञापन कर | ६,२५,५०० | |
| ११. | धरौटी सदरस्याहा | ६०,००० | |
| १२. | अन्य दस्तुर | २०,२१,४२८ | |
| | जम्मा | १,५९,९३,०२५ | |

स्रोतः राजस्व शाखा

अधिकृत स्तर दशौं

## ख) शिक्षा सम्बन्धी कार्य

तालिका नं. ६ शिक्षा सम्बन्धी कार्यको विवरण

| कार्यक्रम | बजेट रकम |
|---|---|
| माध्यमिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता सञ्चालन | १,००,००० |
| मेयर कप सञ्चालन | २०,००,००० |
| राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न | १०,००,००० |

**अन्य कार्यहरुः**

१. शिक्षक तथा विद्यालय कर्मचारीहरुको दोस्रो त्रैमासिक तलब भत्ता निकासा गरिएको,

२. विद्यालय अनुगमन, शिक्षक तथा विद्यार्थीहरुलाई आवश्यक परामर्श सम्बन्धी कार्य गरिएको।

स्रोतः शिक्षा शाखा

## ग) स्वास्थ्य सम्बन्धीः

**कार्तिक महिनाः**

१. राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि सेवन अभियान,

२. पाँच वर्ष भित्रका बालबालिका र सुनौला हजार दिनका महिलाहरूको पोषण लेखाजोखा कार्यक्रम,

३. स्वास्थ्य संस्था स्तरीय मासिक समीक्षा एवं डाटा भेरिफिकेसन,

४. डेङ्गी रोगको नियन्त्रणको लागि लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान,

५. विद्यालय समुदाय स्तरमा स्वास्थ्य शिक्षा र प्रवर्धन कार्यक्रम,

६. विश्व मधुमेय दिवस (World Diabetes Day)

७. स्वस्थ आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था स्तरीय स्वास्थ्यकर्मीको मासिक बैठक इत्यादि ।

**मंसिर महिनाः**

१. बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा सम्बन्धी पालिकास्तरीय निर्देशक समितिको अभिमुखीकरण बैठक,

२. गर्भवती महिलाहरूको लागि ग्रामीण भिडियो एक्सरे कार्यक्रम,

३. नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम,

४. प्रजनन रुग्णताको एकीकृत तथा व्यवस्थापन सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर,

५. राष्ट्रिय सामुदायिक महिला स्वयंसेविका दिवस,

६. मानसिक सचेतना अभियानको सुरुवात,

अधिकृत स्तर दशौं

७. किशोर किशोरी स्वास्थ्य शिक्षा,

८. क्षयरोग सम्बन्धी विद्यालय स्तरीय स्वास्थ्य शिक्षा,

९. डाटा भेरिफिकेसन तथा मासिक समीक्षा बैठक,

१०. लैङ्गिक हिंसा विरुद्धको अभियानमा जेसी सम्बन्धी अभिमुखीकरण कार्यक्रम आदि ।

**पौष महिनाः**

१. स्वास्थ्य कार्यक्रमहरूको मासिक समीक्षा बैठक तथा डाटा भेरिफिकेसन,

२. सुर्तीजन्य पदार्थको नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम,

३. पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति को पालिका स्तरीय र कार्यपालिका का सदस्यहरूलाई अभिमुखीकरण बैठक,

४. PAMS V2 सम्बन्धी स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण कार्यक्रम,

५. स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड सम्बन्धी मापन कार्यक्रम,

६. नवशिशु तथा बालरोगको एकीकृत व्यवस्थापन सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम,

७. प्रजनन रुग्णता सम्बन्धी स्वास्थ्य शिविर,

८. क्षयरोग स्वयंसेवक मार्फत शंकास्पद क्षयरोगीको खकार सङ्कलन गरी परीक्षण गरिएको,

९. मातृत्व तथा नवशिशु स्वास्थ्य सम्बन्धी स्वास्थ्य संस्थाहरूको अनुगमन,

१०. विद्यालयमा क्षयरोग र किशोर किशोरी स्वास्थ्य सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम इत्यादि ।

**घ) बालमैत्री स्थानीय शासन दिगोपना सम्बन्धीः**

- वडा नं ५, मालिकामा वडा स्तरीय बाल संजाल गठन गरिएको,
- नगरपालिका स्तरीय बाल सञ्जालको रिक्त रहेको पदमा समितिको बैठकद्वारा पदपुर्ती गरिएको।

**ङ) श्रम तथा रोजगार सम्बन्धीः**

- श्रम स्विकृती सम्बन्धी कार्य- १० वटा
- बेरोजगार सूचीमा रहेका ब्यक्तिहरुको प्राथमिकताक्रम सूची प्रकाशन गरिएको
- २० जनालाई श्रमिक पहिचान कार्ड वितरण गरिएको
- तीन पाङ्ग्रे अटोको संख्या- १४८ वटा
- रुट परमिट लगेको संख्या- १०५
- रुट परमिट लान बाँकी संख्या-४३

अधिकृत स्तर दशौं

**च) योजना तथा पुर्वाधार सम्बन्धीः**

**I. बागलुङ नगरपालिकाको भौतिक प्रगति विवरण**

(क) जम्मा सम्झौता भएका योजना संख्याः ११९

(ख) पेश्कि निकासा भएका योजना संख्याः १४

(ग) सम्पन्न योजना संख्याः १६

(घ) सम्पन्न हुन बाँकी योजना संख्याः १०३

**II. वडागत विवरण**

तालिका नं. ७ योजना सम्बन्धी कार्यको विवरण

| वडा नं. | सम्झौता भएका | पेश्की निकासा भएका | सम्पन्न | सम्पन्न हुन बाँकी |
|---|---|---|---|---|
| १. | ५ | १ | १ | ४ |
| २. | २ | | १ | १ |
| ३. | २६ | | ३ | २३ |
| ४. | ११ | | १ | १० |
| ५. | १० | ३ | ३ | ७ |
| ६. | २ | १ | | २ |
| ७. | २५ | १ | १ | २४ |
| ८. | ५ | २ | १ | ४ |
| ९. | ५ | | २ | ३ |
| १०. | १ | | | १ |
| ११. | १३ | १ | १ | १२ |
| १२. | २ | | | २ |
| १३. | ५ | | १ | ४ |
| १४. | ७ | | १ | ६ |
| जम्मा | ११९ | ९ | १६ | १०३ |

स्रोतः योजना शाखा

**III. निर्माण भएका संरचनाहरुः**

**भवन मर्मतः** २ गोटा

**सडक ढलानः** ४९ मि

**सडक मर्मतः** १०

**सडक सरसफाईः**१४ कि मी

**पदमार्ग निर्माणः** १८० मि

**प्रतिक्षालय निर्माणः १ गोटा**

**विउ बिजन वितरणः** ३५० के जी

**अन्य पुर्वाधार विकासः** २ गोटा

**लक्षित परिवार खाद्यान्न वितरणः**२३ परिवार

**साँस्कृतिक कार्यक्रम तथा मेलाः** २ गोटा

अधिकृत स्तर दशौं

## IV. ठेक्काको विवरण:

तालिका नं. ८ ठेक्का मार्फत भएका कार्यको विवरण

| क्र.स. | योजना/कार्यक्रमको नाम | ठेक्का नं. | ठेक्का रकम/राजश्व रकम | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.01(Ga), Senako Talim Sthanko Talako Bagar Baglung Municipality-04 Baglung | RE-BAGMUN/BAG/NCB/REVENUE/082-083-01(Ga) | ७४४,४७३.२७ | | ठेक्का आव्हान |
| २ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.01(Gha) Below Military Training center to 10 meter Bagar, Baglung Municipality-04 Baglung | RE-BAGMUN/BAG/NCB/REVENUE/082-083-01(Gha) | ५७९,०३४.७६ | | ठेक्का आव्हान |
| ३ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.1(Ka) Dhodeni Bagar (Dhodeni Khola) Baglung Municipality-04 Baglung | RE-BAGMUN/BAG/NCB/REVENUE/082-083-01(Ka) | ४१३,५९६.२६ | | ठेक्का आव्हान |
| ४ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.1(Kha) Chhipchhipe Bagar, Baglung Municipality-04 Baglung | RE-BAGMUN/BAG/NCB/REVENUE/082-083-01(Kha) | ५९५५७८.६१ | | ठेक्का आव्हान |
| ५ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.2 Below Driving Center Bagar Baglung Municipality-01 Baglung | RE-BAGMUN/BAG/NCB/REVENUE/082-083-02 | ९८४८१५.५२ | | ठेक्का आव्हान |
| ६ | Upgrading of Bazar Kshetra Kalopatre Footpath sataha Dhal Dhunga Chhapai Karyakram, Baglung Municipality ward No. 02& 03, Baglung | BAGMUN/BAG/NCB/WORKS/082-083-11 | १३२४१०५४.४८ | | ठेक्का आव्हान |
| ७ | Upgrading of Chanaute-Dhaiyar Ghumti-Jagalte Barahathan-Nunthala Hudai Kumaikhola Road, panchase Ghumti to Bimira Road, Okharbot Baggote Goshwara Road and Kumaikhola Chnaute Road. | BAGMUN/BAG/SQ/WORK/082-083-07(Re) | १७७४०६९.९४ | | मुचुल्का खोलिएको |

अधिकृत स्तर दशौं

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | Upgrading of Khelmaidan to Byad Road, Baglung Municipality-10, Bhakunde | BAGMUN/BAG/NCB/WORKS/082-083-08 | २४९९७०९.९८ | | सम्झौताको लागि पत्राचार |
| ९ | Upgrading of Aduwabari Timure Sisnera Dada Road, Baglung Municipality-09, Tityang | BAGMUN/BAG/NCB/WORKS/082-083-09 | ४९९६१४४.४९ | | सम्झौताको लागि पत्राचार |
| १० | Upgrading of Nepane danda Sitalchautari Bhagwati chowk Garlung kaiya Pakha Bato Jhopu Corridor Garlung Amraha Road. | BAGMUN/BAG/NCB/WORKS/082-083-10 | ६९९९९९८३.९१ | | मुचुल्का खोलिएको |
| ११ | Upgrading of Shaligram Sanghralaya-Sundarbasti-Adherikhola-Khelmaidan Road, Baglung Municipality-04, Kudule | BAGMUN/BAG/NCB/WORK/082-083-06 | २४८९३७४.७१ | | सम्झौताको लागि पत्राचार |
| १२ | Procurement, Supply and Delivery of Medical Goods and surgical Items. | BAGMUN/BAG/NCB/Goods/01/082-83 | २३८००७९.४५ | | सम्झौताको लागि पत्राचार |
| १३ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.2 Downstream and adjacent to Driving Center's Baglung Municipality-01 Baglung. | BAGMUN/BAG/NCB/REVENUE/082-083-02 | RE | | पुनः ठेक्का आव्हान |
| १४ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.3 Below Golden Bridge and 350 m upstream of Maldhunga North east Baglung Municipality-01 Baglung. | BAGMUN/BAG/NCB/REVENUE/082-083-03 | Re | | पुनः ठेक्का आव्हान |
| १५ | stone, Aggregate, sand, Subsistence and degraded material's Revenue Collection's Package no.4 kalakhola, Kaiya and Takuri bagar Baglung Municipality 13 and 14 Baglung. | BAGMUN/BAG/NCB/REVENUE/082-083-04 | | ३६३५२४१.५२ | सम्झौता भएको |

स्रोतः पुर्वाधार शाखा

## छ) घर नक्सा सम्बन्धीः

- पक्की घर नक्सा पासः १५
- अस्थाई घर नक्सा पासः १३
- घर नक्सा नामसारीः ५
- घर सम्पन्न (पक्की घर)- ४३

अधिकृत स्तर दशौं

**ज) पशु सेवा सम्बन्धीः**

तालिका नं. ९ पशु सेवा सम्बन्धी कार्यको विवरण

| किताव क्र.स. | कार्यक्रमको नाम | खर्च शिर्षक नं. | विनियोजित रकम | कार्यक्रम सञ्चालन स्विकृत / सम्झौता मिति | कैफियत |
|---|---|---|---|---|---|
| **३१०** | **दैनिक पशुपंक्षी उपचार कार्यक्रम** | २२५२२ | १५०००० | | गत सालको स्टकबाट काम भईरहेको तथा रकम भुक्तानी हुन बाँकी |
| क | मेडीकल उपचार सेवा | | | | ३०८९ पशुपंक्षीमा उपचार |
| ख | गाईनोलोजिकल सेवा | | | | २७८ पशुपंक्षीमा उपचार |
| ग | सर्जिकल सेवा | | | | ८३ पशुपंक्षीमा उपचार |
| घ | गोबर परिक्षण | | | | २३६पशुपंक्षीमा उपचार |
| ङ | रेबिज खोप सेवा | | | | १०९ कुकुरमा खोप |
| च | दुध परिक्षण | | | | ८ पशुपंक्षीमा उपचार |
| छ | पशुबन्ध्याकरण | | | | १५८ पशुमा बन्ध्याकरण |
| ज | आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण | | | | १८५८पशुपंक्षीमा उपचार |
| झ | घरदैलो परामर्श | | | | १५३३ सेवा प्राविधिक सल्लाह |
| **८३७** | **कृत्रिम गर्भाधान मिसन कार्यक्रम** | २२५२२ | ५००००। | | गत सालको स्टकबाट काम भई रहेको तथा रकम भुक्तानी हुन बाँकी |
| क | कृत्रिम गर्भाधान सेवा | | | | गाई ४२ र भैंसी ५१जम्मा ९३ |
| ख | पशुमा बाझोपन निवारण उपचार सेवा | | | | ४२३ पशुपंक्षीमा उपचार |
| **९१०** | **बाख्रा प्रवर्धन कार्यक्रम** | २७२१९ | ४२०००० । | २०८२/०८/०२ | |
| क | सूचना प्रकाशन गरी माग संकलन भई छनौटको प्रक्रियामा | | | | आर्थिक विकास समितिको निर्णय अनुसार |

स्रोतः पशु सेवा शाखा

अधिकृत स्तर दशौं

**झ) घटना दर्ता सम्बन्धी विवरणः**

तालिका नं. १० घटना दर्ता सम्बन्धी कार्यको विवरण

| घटना | महिला संख्या | पुरुष संख्या | जम्मा संख्या |
|---|---|---|---|
| जन्म | १०० | ११८ | २१८ |
| मृत्यु | ४२ | ५४ | ९६ |
| सम्बन्ध बिच्छेद | | | १२ |
| विवाह | | | १३३ |
| बसाई सरी आएको | | | १७ |
| बसाई सरी गएको | | | ४६ |
| जम्मा | | | ५२२ |

स्रोतः सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

**ञ) सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरणः**

तालिका नं. ११ सामाजिक सुरक्षा भत्ता सम्बन्धी कार्यको विवरण

| भत्ताका प्रकार | संख्या | रकम |
|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | ४२६३ | ५,०८,४०,८८६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ६०४ | ४७,१७,३३२ |
| जेष्ठ नागरिक भत्ता (एकल महिला) | ५७९ | ४५,८७,५२५ |
| विधवा (आर्थिक सहायता) | ८०८ | ६३,९९,९६० |
| क बर्ग अपाङ्गता | १८५ | २२,१४,४५० |
| ख बर्ग अपाङ्गता | ३०३ | १९,२७,९६८ |
| दलित बालबालिका | ८५५ | १३,०७,२२८ |
| जम्मा | ७५९७ | ७,१९,९५,३४९ |

स्रोतः सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा

**ट) नगर प्रमुख स्वोजगार कार्यक्रम तर्फः**

- सामाजिक परिचालन क्षेत्रः टोल विकास संस्था दर्ता/ नविकरणः ३ वटा
- नगरप्रमुख स्वरोजगार कार्यक्रमको क्षेत्रः गत आ.व. २०८०/०८१ र २०८१/८२ मा लगानी गरेको ५८ लाख बाट साँवा रु ११,७३,२२६ र ब्याज रु ८४,११२ गरी जम्मा रु १२,५७,३३८ यस आ.व. मा असुल भएको,

अधिकृत स्तर दशौं

### ठ) सहकारी सम्बन्धीः

तालिका नं. १२ सहकारी सम्बन्धी विवरण

| विवरणको आधारमा | | लैङ्गिकताको आधारमा | |
|---|---|---|---|
| **विवरण** | **संख्या** | **विवरण** | **संख्या** |
| सञ्चालनमा रहेका सहकारी संख्या | १०३ | महिलाहरुद्वारा सञ्चालित | १८ |
| निष्कृय सहकारी | ३३ | पुरुषहरुद्वारा सञ्चालित | ८५ |
| एकिकरण भएका | २ | | |
| **कार्यप्रकृती अनुसार सहकारीहरुको विवरणः** | | **दर्ताको आधारमा** | |
| **विवरण** | **संख्या** | **विवरण** | **संख्या** |
| बचत तथा ऋण | २९ | न.पा. मा दर्ता | ८ |
| बहुउद्देश्यीय | २४ | सहकारी कार्यालयबाट हस्तान्तरित | १४४ |
| दुग्ध | ८ | | |
| कृषि | २६ | | |
| स्वास्थ्य सहकारी | ५ | | |
| अन्य | ११ | | |
| **वडागत आधारमा कायम रहेका सहकारीहरु** | | | |
| वडा नं. | संख्या | वडा नं. | संख्या |
| १ | २ | २ | ३१ |
| ३ | १६ | ४ | ६ |
| ५ | ५ | ६ | ३ |
| ७ | ५ | ८ | २ |
| ९ | १० | १० | ४ |
| ११ | १ | १२ | ४ |
| १३ | १० | १४ | ४ |

स्रोतः सहकारी शाखा

### ड) सम्पति ब्यवस्थापन सम्बन्धीः

- वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुको जग्गा तथा भवनहरुको विवरण माग गरिएको,
- स्वास्थ्य संस्थाहरुमा PAMS-V2 कार्यान्वयनमा ल्याईएको ।

अधिकृत स्तर दशौं

**ढ) नगरकी छोरी कार्यक्रमः**

- जम्मा आवद्ध संख्याः २३३ जना
- दोस्रो त्रैमासिकमा आवद्ध भएका संख्याः २५ जना

**ण) महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धीः**

तालिका नं. १३ महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी कार्यको विवरण

| सि.नं | कार्यक्रमको विवरण | खर्च रकम |
|---|---|---|
| १ | अपागंता परिचयपत्र वितरण तथा व्यवस्थापन(३ पटक अपागंता परिचय पत्र वितरण व्यवस्थापन समितिको बैठक बसि १६ जना अपागंता भएका व्यक्तिहरुलाई अपागंता परिचय पत्र वितरण गरिएको) | |
| २ | विविध कार्यक्रम गरि मानव वेचविखन तथा ओसारपसार विरुद्धको दिवश (भाद्र २०) मनाइएको | १२,००० |
| ३ | विविध कार्यक्रम संचालन गरि अन्तराष्टिय अपागंता दिवस (डिसेम्बर ३ )मनाइएको | २८,८०० |
| ४ | ज्येष्ठ नागरिक जिल्ला संघ सँगको समन्वयमा राष्टिय ज्येष्ठ नागरिक दिवश विविध कार्यक्रम संचालन गरि मनाइएको | १,००,००० |
| ५ | नगरपालिका क्षेत्र भित्र रहेका आमा समुहहरुलाई नगरपालिकामा दर्ता गर्ने कार्य भइरहेको | |
| ६ | **अल्कालिन महिला सेवा केन्द्र मार्फतः**<br>• ३३ जना हिंसा प्रभावित महिलाहरुलाई आवश्यकता अनुसारको सेवा प्रदान गरिएको<br>• लैंगिक हिंसा न्युनिकरणमा टेवा पुर्याउने उद्देश्यले विद्यालयका लैंगिक सम्पर्क शिक्षकहरुका लागि अन्तरक्रिया कार्यक्रम संचालन गरिएको<br>• लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा नगरपालिकाका १४ वटा वडाहरुमा लैंगिक हिंसा न्युनिकरणका लागि अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको<br>• गलकोट नगरपालिका वडा नं ७ मा लैंगिक हिंसा न्युनिकरणका लागि सचेतनामुलक कार्यक्रम संचालनमा सहजिकरण गरिएको | ३,८४,८५० |

स्रोतः महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा

**त) सुरक्षित आप्रवासन (सामी) कार्यक्रम तर्फः**

- आप्रवासी स्रोत केन्द्र सहायता कक्ष मार्फत ९६० पुरुष र ७५३ महिला गरि कुल १७१३ व्यक्तिलाई सूचना तथा परामर्श उपलब्ध गराईएको,

अधिकृत स्तर दशौं

- बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र भरपर्दो गराई विदेश जान लागेका व्यक्तिहरुलाई आवश्यक परामर्श, विदेश गई अलपत्र परेका नागरिकलाई सुरक्षित स्वदेश फिर्ता, दुर्घटनामा परि घाईते भएका र मृत्यु भएकाहरुलाई विमा दावी, उपचार खर्च र मृतकको शव व्यवस्थापन लगायतका कार्य,
- ठगी तथा बिदेशमा अलपत्र परेका ३३ व्यक्तिलाई सुरक्षित स्वदेश फिर्ताको वातावरण मिलाईएको,
- मृत्यु, अंगभंग तथा स्वास्थ्य सम्वन्धी केशमा क्षतिपूर्ती र ईन्सोरेन्स दावी वापतको रु ६६ लाख ७० हजार रुपैया उपलब्ध गराउन सहजीकरण गरिएको,
- बिदेशमा मृत्यु भएका ४ जना व्यक्तिको शव व्यवस्थापनमा सहजिकरण गरिएको,
- विदेश जानु पुर्व बिल्डिङ ईलेक्ट्रिसियन, हाउस किपिङ क्लिनर, गार्मेन्ट मेसिन अपरेटर, सटरिङ कार्पेन्टरी लगायत सीप सम्वन्धी तालिम २८ जनालाई उपलब्ध गराउनका लागि समन्वय गरिएको,
- निःशुल्क कानुनी सहायता मार्फत विभिन्न केशमा सहजीकरण गरी ठगीको रु ३२ लाख ५० हजार रकम फिर्ता गरिएको,
- बिदेशको ईन्सोरेन्स दावी तथा बाकी सेवा सुबिधा बापतको ६७ लाख १६ हजार ४१७ रुपैया उपलब्ध गराईएको,
- बानपा ३ र ६ मा २ वटा २१ हप्ते कक्षा (५६ जना महिला सहभागी) अनि बाकी सबै वडामा पुग्ने गरि ५ वटा बिधालयमा बिधार्थीका लागि ९० मिनेटको बित्तीय साक्षरता सचेतना कार्यक्रम, ५ वटा समुदायमा १ दिने बित्तीय साक्षरता अभिमुखिकरण कार्यक्रम र ३ वटा सहकारीमा ३ दिने वित्तिय साक्षरता सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिएको र ८ जना व्यक्तिलाई व्यक्तिगत रुपमा मनोसामाजिक परामर्श प्रदान गरिएको।

**थ) न्यायिक समिति तर्फः**

- दर्ता भएका मुद्दा संख्या- ९
- सो मध्ये फछ्र्यौट भएका- ५
- ६ वटाका मेलमिलापको समिक्षा, मेलमिलाप पुर्नगठन, व्यवस्थापन र सञ्चालन सम्बन्धी अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको ।
- स्थलगत निरिक्षणको लागि ६ विवादित स्थानमा पुगेर छलफल गराउने कार्य गरिएको ।
- सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि संसोधनमा सहजिकरण गरिएको ।

अधिकृत स्तर दशौं

- गण्डकी प्रदेश न्यायिक समिति दर्पण २०८२ पुस्तकको विमोचन गर्ने कार्यक्रम गरिएको ।
- २२ वटा अन्य किसिमका विवादहरुमा सहजिकरण गरिएको ।

**i. दर्ता हुन आएको बिषयको आधारमा मुद्दा संख्याः**

तालिका नं. १४ दर्ता हुन आएको बिषयको आधारमा मुद्दाको विवरण

| विवादको विवरण | विवादको अवस्था | संख्या |
|---|---|---|
| अबैध संरचना भत्काई पाउँ (बा.न.पा. ०४) | मेलमिलाप भएको | १ |
| अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पार्ने गरी रुख विरुवा लगाएको | मिलापत्र भएको-१ र प्रक्रियामा रहेको-१ | ३ |
| खान लाउन र मासिक जिविकोपार्जन सम्बन्धी (वडा नं. १२) | मिलापत्रको लागि वडा मेलमिलाप केन्द्र पठाइएको | १ |
| मेलमिलाप गराई पाउँ (बा.न.पा. १२ को गाली बेइज्जती सम्बन्धी ) | मिलापत्रको लागि वडा मेलमिलाप केन्द्र पठाइएको | १ |
| घर बहाल सम्बन्धमा | फैसला भएको-१, छलफलको क्रममा-१ | २ |
| मेलमिलाप गराई पाउँ (बा.न.पा. १० को कुटपिट सम्बन्धी ) | मेलमिलाप भएको । | १ |
| जम्मा | | ९ |

स्रोतः न्यायिक समितिको सचिवालय

**द) कृषि सम्बन्धीः**

तालिका नं. १५ कृषि सम्बन्धी कार्यको विवरण

| **सशर्त तर्फः** | | | |
|---|---|---|---|
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **जम्मा बजेट रु** | **प्राप्त भौतिक उपलब्धी** |
| १ | आ.व. ०८१ ०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमहरुको निरन्तरता | १२००००० | मिति २०८२/०८/४ गते सूचना प्रकाशन गरि माग संकलन भई सम्झौता हुने चरणमा । |
| २ | गुरु किसान छनौट नमुना फार्म स्थापना सहयोग कार्यक्रम | ९००००० | गुरु किसान छनोट भई परिचालन भसकेको र नमुना फार्म स्थापना सहयोग कार्यक्रमका का लागि ८ जना लाभग्राही छनोट गरिएको । |
| ३ | किसान सूचिकरण कार्यक्रम | ३००००० | |

अधिकृत स्तर दशौं

| | | | |
|---|---|---|---|
| ४ | कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्याविधक कार्यक्रम | १०५००० | छनोटमा परेका कुल ८ वटा वडाहरुमा Random sampling EA लिनुपर्नेमा ६ वटा वडा (४,६,७,९,१३,१४) को प्रारम्भिक तथ्याङ्क संकलन भई वडा नै १२ र १० मा काम भईरहेको । |
| ५ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान,गहुँ र मकै) | ७३६००० | माग गरिएका कृषकहरुलाई ७००० केजी गौतम जातको गहुँको उन्नत बिउ वितरण गरिएको |
| ६ | राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम | ८६४००० | सूचना प्रकाशन गरी लाभग्राही छनोट भई सम्झौता चरणमा । |
| ७ | उन्नत बिउ वितरकलाई प्रोत्साहन अनुदान | १५०००० | संघीय सूचना बमोजिम हुने हुँदा हालसम्म उक्त सूचना प्रकाशन नभएको |
| ८ | सूचना प्रकाशन तथा उन्नत वीउ उपयोग अनुगमन निरिक्षण | १५०००० | गुरु किसान छनोट भई परिचालन भसकेको र नमुना फार्म स्थापना सहयोग कार्यक्रमका लागि ८ जना लाभग्राही छनोट गरिएको । |
| ९ | कृषि तथा पशुसेवाका एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता | ४९५००० | १ जना एक गाउँ एक प्राविधिक लाई पौष मसान्त सम्ममको तलब भत्ता भुक्तानी । |

**२. नगरपालिका तर्फको**

| | | | |
|---|---|---|---|
| १ | फलफूल खेति प्रवर्द्धन कार्यक्रम | २००००० | जेठ असार महिनामा आँप लिचि लगायतका बर्षे फलफूल विरुवा वितरण गरिने |
| २ | तरकारी आत्मनिर्भर कार्यक्रम | २००००० | बा.न.पा. ४ कुँडुले क्षेत्रमा तरकारी उद्यमी कृषकहरुलाई अनुदान र पैयुँपाटामा कृषि मेला प्रदर्शनी सम्पन्न भएको । |
| ३ | माटो परिक्षण तथा कृषि चुन वितरण कार्यक्रम | १५०००० | आर्थिक विकास समितिबाट निर्णय भए बमोजिम माटो परिक्षण गर्ने संस्थाहरुबाट प्रस्ताव माग गरिएको । |
| ४ | कृषि यान्त्रीकरण कार्यक्रम | ४५०००० | आर्थिक विकास समितिबाट थप बजेट निकासा माग गर्ने र नगरसभाबाट थप बजेट प्राप्त भए पश्चात प्रकृया अगाडि बढाउने भनी हाललाई उक्त कार्यक्रम स्थगन गरिएको |

अधिकृत स्तर दशौं

| | | | |
|---|---|---|---|
| ५ | आकस्मिक बालीरोग किरा नियन्त्रण | १००००० | पहिलोचरणमा विषादी खरिद वितरण समपन्न भएको दोस्रो चरणको महामारी वा आवश्यकता बमोजिम वितरण हुने |
| ६ | उन्नत बीउ वितरण कार्यक्रम | २००००० | आर्थिक विकास समितिबाट कोदो र मकैको उन्नत बीउ वितरण गर्ने निर्णय बमोजिम सिजनमा वितरण हुने । |

स्रोतः कृषि शाखा

**ध) अन्य कार्यहरुः**

- 'घ' बर्ग निर्माण ब्यवसायी नविकरणः ४८, नयाँ दर्ताः २
- १८ औं नगर सभा सञ्चालन तथा ब्यबस्थापन सम्बन्धी कार्य
- वडा कार्यालयबाट योजना सम्झौता कार्य सुचारू भएको- ९ वटा योजना सम्झौता भएका
- गण्डकी प्रदेशका ८५ स्थानीय तहको तथ्याङ्क समावेश गरिएको न्यायिक समिति दर्पण प्रकाशन गरिएको ।
- नगरपालिकामा यो अवधीमा ५ वटा गुनासो तथा उजुरी प्राप्त भएको र प्राप्त भएका सबै उजुरीहरुको फछ्यौंट गरिएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

| | |
|---|---|
| नामः धन प्रसाद पोखेल<br>पदः अधिकृत दशौं<br>सम्पर्क नं. ९८५६०३७७३७ | नामः ईश्वरी प्रसाद शर्मा<br>पदः प्रमुख प्रशासकीय अधिकृत<br>सम्पर्क नः ९८५७६२०४१६ |

## ११. ऐन नियम, विनियम वा निर्देशिकाको सूची

- नागरिक सेवा प्रवाह निर्देशिका ,२०७९
- नगर शिक्षा कोष संचालन कार्यविधि, २०७९
- घुम्ती सेवा प्रवाह निर्देशिका, २०७९
- स्थानीय सार्वजनिक यातायात संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९
- टोल विकास संस्था गठन, सञ्चालन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७९
- जलश्रोत तथा मुहान दर्ता कार्यविधि, २०७९
- उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५

अधिकृत स्तर दशौं

- आर्थिक सहायता तथा संस्थागत सहयोग कार्यविधि, २०७९
- सुत्केरी सट्टा शिक्षक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७९
- घुम्ती शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि, २०७९
- पदमसिंङ छात्रवृत्ति वितरण सम्बन्धि कार्यविधि, २०७९
- गोविन्द अधिकारी व्यवसायीक छात्रवृति वितरण सम्वन्धी कार्यविधि, २०७९
- नगरस्तरीय स्वास्थ्य विमा कार्यक्रमको कार्यविधि, २०७९
- सुत्केरी प्रोत्साहन भत्ता कार्यविधि, २०७९
- पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि, २०७९
- कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स, २०७९
- कृषक समूहको नमुना विधान, २०७९
- नेट हाउस व्यवस्थापन तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७९
- बेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम कार्यानवयन कार्यविधि, २०७९
- भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९
- सहकारी संस्थाको अनुगमन मूल्याङ्कन तथा नियमन कार्यविधि, २०७९
- जैविक खेति प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७९
- सामुहिक तथा सहकारी खेति प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७९
- मसलावाली प्रवर्धन कार्यक्रम संचालन मापदण्ड, २०७९
- सल्लाहाकार नियुक्ति सम्वन्धी कार्यविधि, २०७९
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण सम्वन्धी कार्यविधि २०७५
- कार्यसंचालन निर्देशिका, २०७५
- नगरप्रमुख स्वरोजगार कार्यक्रम कार्यविधि, २०८०
- उपप्रमुख पर्यटन विकास कार्यक्रम कार्यविधि, २०८०
- खुसी महिला कार्यविधि, २०८०
- शहरी गरिवि न्युनिकरण कोष संचालन निर्देशिका, २०८०
- नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०
- विषयगत समिति कार्यसञ्चालन कार्यविधि, २०८०
- साझेदारी संचालन तथा व्यवस्थापन ऐन, २०८०

अधिकृत स्तर दशौं

- बागलुङ नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र शर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- बागलुङ नगरपालिकाको बालविवाह मुक्त अभियान संचालन निर्देशिका, २०८०
- बागलुङ नगरपालिका बालश्रम मुक्त घोषणा सम्बन्धि कार्यविधि, २०८०
- बालमैत्री युक्त नगर वडा घोषणा कार्यविधि, २०८०
- बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८०
- बागलुङ नगरपालिका शिक्षक तथा विद्यालय कर्मचारी करार सुची निर्माण सम्वन्धी कार्यविधि, २०८०
- नगरको छोरी कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- सामुदायिक कुकुर व्यवस्थापनका लागि सेल्टर हाउस संचालन मापदण्ड, २०८०
- मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८०
- श्रमडेक्स तथा श्रमिक पहिचान कार्ड कार्यविधि, २०८०
- नीजि जग्गाको ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन, संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८०
- शिक्षक तथा विद्यालय कर्मचारी सरुवा (व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८०
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०८०
- बागलुङ नगरपालिका कार्यसंचालन कार्यविधि, २०८०
- विद्यालय स्थगन, तह मिलान तथा दरवन्दी मिलान कार्यविधि, २०८०
- कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि ऐन, २०८१
- संस्था दर्ता ऐन, २०८१
- बसपार्क संचालन तथा व्यवस्थापन ऐन, २०८१
- मेलमिलाप केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविध, २०८२
- उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्बन्धी कार्यविधि, २०८२
- स्वास्थ्य सेवा ऐन, २०८२
- स्वास्थ्य सेवा व्यवस्थापन अक्षयकोष (सञ्चालन) कार्यविधि, २०८२
- नगरप्रमुख स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२
- निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०८२
- पोषण प्रवर्धन तथा विपन्न परिवार स्वास्थ्य सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८२
- आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८२

अधिकृत स्तर दशौं

- स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

तालिका नं. *१६ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण*

| सि.नं. | शीर्षक | बार्षिक बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | ८४,४१,०७,८३० | ३४,११,२९,८१७.०७ | ४०.०४ |
| २ | पुँजीगत | ४४,२३,५२,२४० | ६,५२,५६,१४८ | १४.७५ |
| ३ | वित्तिय | २,३०,९८,४९९ | ० | ० |

**वडा अनुसार खर्च विवरण**

| वडा नं. | जम्मा | | पुँजीगत खर्च | |
|---|---|---|---|---|
| | बजेट | खर्च% | बजेट | खर्च% |
| १ | ४२,१०,२४० | १७.३९ | १९,७५,००० | २१.६३ |
| २ | ४८,०५,३८० | ५.९३ | २२,५०,००० | ५.१५ |
| ३ | ५८,१४,८३० | ५.४३ | ३६,७०,००० | - |
| ४ | ४५,४८,५९० | २.४८ | २३,४८,५९० | - |
| ५ | ४२,२४,९२०, | १०.५८ | २०,२५,००० | ९.३९ |
| ६ | ३७,८२,३३० | ०.४४ | २५,१०,००० | - |
| ७ | ४५,०१,९९० | ३.३२ | ३३,००,००० | २.७४ |
| ८ | ३९,६०,००० | ८.७७ | २१,००,००० | ११.६९ |
| ९ | ४८,६७,०१० | ७.०८ | ३८,००,००० | ६.३१ |
| १० | ४६,९३,२२० | २.१३ | २८,३३,२२० | - |
| ११ | ४३,४५,७२० | ५.९६ | ३०,४५,७२० | २.८३ |
| १२ | ४८,२३,६४० | ४.०१ | २९,०३,००० | ३.२ |
| १३ | ५३,६१,७१० | ६.१३ | २८,८१,७१० | - |
| १४ | ४०,४२,१९० | ३.७१ | २०,४०,००० | - |

स्रोतः आर्थिक प्रशासन शाखा

## १३. कार्यालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

यस अवधीमा नभएको।

अधिकृत स्तर दशौं

## १४. कार्यालयको वेभसाईट

https://baglungmun.gov.np/

## १५.कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

कार्यालयको website, फेसबुक पेज, राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने गरिएको ।

## १६.कार्यालयमा परेको सूचना माग सम्बन्धी विवरण

सूचना माग सम्बन्धी लिखित निवेदन प्राप्त नभएको ।

## १७.कार्यालयले गरेका सूचना सम्बन्धी थप कार्यहरु

बागलुङका पर्यटकीय क्षेत्रहरुको प्रवर्धन तथा प्रमुख कार्यक्रमहरुको प्रत्यक्ष प्रसारणका लागि नगरपालिका स्थित समिक्षालय चोकमा डिस्प्ले बोर्ड स्थापना गरिएको।

## १८. कार्यालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

सार्वजनिक सुनवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण तथा बार्षिक प्रगती समिक्षा गर्ने गरिएको छ।

## १९. कार्यालयले वर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरण

बर्गिकरण नभएको।

## २०. अन्य विवरणः

नोटः प्रस्तुत विवरण बागलुङ नगरपालिकाको वेभसाईट https://baglungmun.gov.np/ मा समेत हेर्न सकिन्छ ।

अधिकृत स्तर दशौं

## सन्दर्भ सामग्रीः


नेपाल सरकार। (२०७२)। *नेपालको संविधान।* काठमाडौं: नेपाल सरकार।

नेपाल सरकार। (२०६४)। *सूचनाको हक सम्बन्धी ऐन।* काठमाडौं: नेपाल सरकार।

नेपाल सरकार। (२०६४)। *स्थानीय सरकार सञ्चालन ऐन।* काठमाडौं: नेपाल सरकार।

नेपाल सरकार। (२०६५)। *सूचनाको हक सम्बन्धी नियमावली।* काठमाडौं: नेपाल सरकार।

बागलुङ नगरपालिका। (२०७५)। *बागलुङ नगरपालिकाको बस्तुगत विवरण.* बागलुङः बागलुङ नगरपालिका.

बागलुङ नगरपालिका। (२०७९)। *बागलुङ नगरपालिकाको O & M सर्भेक्षण।* बागलुङः बागलुङ नगरपालिका।


अधिकृत स्तर दशौं